गाउँ सभाको बैठकमा अध्यक्ष श्री डम्बर  वहादुर राउत क्षेत्री ज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०७४।७५ को नीति, बजेट तथा कार्यक्रम

बटेश्वर गाउँपालिका

धनुषा जिल्ला

२ नं. प्रदेश

५ माघ , २०७४

Scanned by CamScanner

बटेश्वर  गाउँपालिकाको पहिलो गाउँसभाको सभाध्यक्ष,

गाउँसभाका सदस्यहरु, सभाका सचिव लगायत कर्मचारी मित्रहरु,

उपस्थित सम्पूर्ण महानुभावहरु ।

नेपालको संविधान, २०७२ ले सुनिश्चित गरेका प्रावधानहरुलाई व्यवहारतः रुपान्तरण गर्ने क्रममा स्थानीय तहको निर्वाचन,२०७४ सम्पन्न भएको छ । सघींय शासन व्यवस्थाको मर्म अनुरुपको राजनीतिक, आर्थिक, सामाजिक तथा वित्तिय स्वायत्तता सहितको स्थानीय तहको शासन सञ्चालन गर्न यस बटेश्वर गाउँपालिकामा गाउँ कार्यपालिका तथा गाउँ सभाको गठन भएको छ । सार्वभौमसत्ता सम्पन्न यस गाउँपालिकाका जनताहरुबाट राज्य शक्तिको प्रयोग गर्ने वैधानिकता प्राप्त भएको यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म निकै हर्षीत भएको छु ।
संघीयता र स्थानीय सरकार मार्फत घरघरमा अधिकार गाउँगाउँमा सिंहदरबार, हाम्रो गाउँ हामी आफैं बनाऔं जस्ता सिद्धान्तहरुलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकारसम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ । हामीलाई यो अवस्था सम्म ल्याउने प्रमुख वैधानिक आधार नेपालको संविधान २०७२, निर्माण तथा कार्यान्वयनमा प्रत्यक्ष एवं परोक्ष ढंगले भूमिका खेल्नुहुने सबैलाई धन्यबाद दिन चाहन्छु ।

उपस्थित सम्पुर्ण महानुभावहरु,
अब म यस बटेश्वर  गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. नेपालको संविधान जारी भएपछि मुलुक संघीयता कार्यान्वयन चरणको मध्यावधि समयमा आइपुग्दा बटेश्वर गा“उपालिकाको आर्थिक वर्ष २०७४्७५ को नीनि, कार्यक्रम तथा बजेट पहिलोपटक यस गरिमामय गा“उ सभामा प्रस्तुत गर्न पाउ“दा बटेश्वर गाउ“पालिकाले गौरवान्वित महसुस गरेको छ । यस अवसरमा बटेश्वर गा“उपालिका

नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रका लागि नेपाली जनताले पटकपटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, सशस्त्र आन्दोलन लगायतका आन्दोलनहरुको स्मरण गर्दै लोकतन्त्रको स्थापनार्थ शहीदहरुको त्याग र बलिदानलाई उच्च सम्मान गर्दछ ।

२. नेपालको संविधान जारी भएस"गै लोकतन्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, बहुलवाद, सामाजिक न्यायसहितको समानुपातिक, समावेशी प्रतिनिधिमुलक व्यवस्था, मौलिक अधिकार, नागरिक स्वतन्त्रता, धर्म निरपेक्षताजस्ता महत्वपुर्ण उपलब्धीहरु संस्थागत भएका छन् । संविधानले अंगिकार गरेको विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यवद्धताले नेपालीको स्वाभिमानलाई उ"चो बनाईरह"दा यस बटेश्वर गाउ"पालिकामा सबै प्रकारका भेदभावको अन्त्य गरी आर्थिक सम्वृद्धि, समानता र सामाजिक न्याय सुनिश्चित गर्ने आधारशीला खडा भएको छ ।

३. विगत १९ वर्षदेखिरिक्त स्थानिय तहको निर्वाचन भई जनप्रतिनिधि विहीन अवस्थाको अन्त्य भएको छ । अबका दिनहरुमा बटेश्वर गाउ"पालिकँको स्थानिय सरकारले यस गाउ"पालिकाका सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने खँलका योजना तर्जुमा गर्ने, स्थानिय योजना तर्जुमा साथै कार्यान्यवयनमा प्रत्यक्ष सहभागी गराउने, मागमा आधारीत यस क्षेत्रको माटो सुहाउ"दो कार्यक्रम तथा विकास गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको चरम गरिबी न्युनिकरण गर्ने प्रमुख नीति लिएको छ ।

४. बटेश्वर गाउपँलिका क्षेत्रमा मुख्य र ग्रामीण सडक सञ्जालको वर्गीकरणगरी प्राथमिकताका आधारमा न्यूनतम लेनको सडक सञ्जालको विकास , विस्तार र स्तरोन्नति गरिनेछ साथै प्रत्येक वडामा यसै आ.व.मा कमतिमा १/ १ कि.मी. पक्की सडक गरी ५ कि.मी. सडक निर्माण गरिनेछ ।

Scanned by CamScanner

५. कृषि क्षेत्रलाई स्थानीय उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ । प्रमुख बालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नीति लिइनेछ । सिंचाई , मलखाद बीउबिजनको उपलब्धतामा जोड दिइनेछ । पशुजन्य उत्पादनका कार्यक्रमलाई प्रोत्साहन दिइनेछ । आर्थिक तथा सामाजिक रुपले पछि परेका कृष्क केन्द्रित कार्यत्रमहरुलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ साथै यस गाउपालिका भित्र रहेका पूराना बोर्डिङहरुको मरम्मत सूधार र आवश्यक परेका कृषि क्षेत्रमा थप नया बोर्डिङ निर्माण गर्दै कृषि भुमिलाई खेती योग्य बनाइनेछ ।

६. स्वच्छ खानेपानीमा नागरिकको पहुच अभिवृद्धि गरिनेछ । प्राथमिकता प्राप्त खानेपानी आयोजना तथा कार्यक्रम कार्यान्वयनमा जोड दिइनेछ । खानेपानीको उत्पादन , वितरण तथा उपभोगमा स्थानीयबासी तथा खानेपानी उपभोक्ताहरुलाई जिम्मेवार बनाउदै लगिनेछ ।

७. वातावरण तथा जलवायुमैत्री पूर्वाधारको विकासमा जोड दिइनेछ । वन क्षेत्रको वैज्ञानिक एवं दिगो व्यवस्थापन गरी आर्थिक रुपले महत्वपूर्ण वनस्पति तथा जडिबुटीको प्रशोधनमा नीजि तथा सामुदायिक संस्थालाई सहभागी गराइनेछ ।

८. शिक्षा र स्वास्थ्य क्षेत्रमा हालसम्म भएको लगानीले स्वस्थ , शिक्षित र सभ्य नागरिक उत्पादन भएको उपलबधिलाई संस्थागत गरी गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको व्यवस्था मिलाइनेछ । शिक्षा तथा स्वास्थ्य क्षेत्रमा सञ्चालित कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गरिनेछ । विद्यालयहरुको लागि आवश्यक पूर्वाधार जस्तै फर्निचर, कम्प्यूटर , इन्टरनेट यसै आ.व. मा व्यवस्था गरिनेछ ।

१०. लैंगिक समानता , महिला सशक्तिकरण , लैंगिक मुलप्रवाहिकरण र महिला सहभागिता वृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ ।

Scanned by CamScanner

११. बटेश्वर गाउपालिकाको सम्वृद्धिका लागि विज्ञान र प्रविधिको क्षेत्रबाट प्राप्त हुन सक्ने लाभ , अवसर र सम्भावनालाई खोजी गरी यस क्षेत्रमा संख्यात्मक र गुणात्मक विकास गरिनेछ ।

१२. पर्यटन क्षेत्रलाई अर्थतन्त्रको आधारको रुपमा विकास गरिनेछ । बटेश्वर महादेव स्थललाई आकर्षक गन्तव्यको पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न जोड दिइनेछ ।

१३. बैज्ञानिक वस्ती विकासमा जोड दिदै बजारोन्मुख वस्तीहरुको प्राकृतिक स्रोत , ऐतिहासिक , सामाजिक , सांस्कृतिक पहिचान र आर्थिक सामर्थ्यको आधारमा गतिशील सहर निर्माणको राष्ट्रि रणनीतिलाई अवलम्बन गरिनेछ ।

१४.उज्यालो नेपाल अभियानलाई सार्थक तुल्याउन बैकल्पिक उर्जा विकासमा विशेष प्राथमिकता दिइनेछ साथै सोलार जडान गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

१५.बटेश्वर गाउपालिकाको समृद्धिको लागि सार्वजनिक , नीजि र सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाइनेछ ।

१६. औद्योगिक क्षेत्रमा बाहिरी लगानी बढाउन आवशयक नीतिगत , कानूनी , प्रशासनिक तथा आर्थिक सुधारका प्रयासहरु अवलम्बन गरिनेछ ।

१७. सिंचित क्षेत्रको पहिचान गरि कृषि योग्य भूमिमा सिंचाइ सेवा उपलब्ध गराउन सिंचाइका सम्भाव्य सबै प्रविधि र प्रणालीको विकास एवं व्यवस्थापन गर्न आवश्यक कार्यक्रम तर्जमा गरी कार्यान्व्यन गरिनेछ ।

१८. बटेश्वर गाउपालिकाको वितिय व्यवस्थापन , क्षमता र जवाफदेहिता बढाइनेछ । राजनितिक नेतृत्व र कर्मचारीको क्षमता अभिवृद्धि गरिनेछ । गाउपालिका मातहतका संरचनाहरुमा आवश्यक पर्ने जनशक्तिको व्यवस्था गरिनेछ ।

Scanned by CamScanner

१९. उत्पादनमुलक रोजगारीको अवसर सिर्जना गरी युवालाई रोजगार उपलब्ध गराउन कार्यक्रमहरुको तर्जूमा तथा कार्यान्वयन गरिनेछ। खेलकुद क्षेत्रको विकासका लागि नीति तर्जूमा गरि प्रभावकारी कार्यान्वयन गरिने छ। गाउपालिका स्तरीय रंगशाला निर्माणको कार्यलाई अगाडी बढाउन पूर्व सम्भावयता अध्ययन गरिने छ।

२०. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिबद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामुलक बनाउदै लगिनेछ।

२१. नेपाल सरकारले हरेक गाउँपालिकामा १५ शैयाको अस्पताल बनाउने कार्यक्रम लिए अनुरुप यस गाउँपालिकामा १५ शैयाको अस्पताल निर्माण गर्न पहल गरिनेछ साथै सर्पदंश उपचार केन्द्र, प्रसूति गृह निर्माण, एम्बुलेन्स जस्ता अत्यावश्यक पूर्वाधारको व्यवस्था गरिनेछ। गाउँपालिकालाई पुर्ण खोपयुक्त, पुर्ण सरसफाईयुक्त बनाउनाका साथै बाल मृत्युदर तथा मातृमृत्युदर घटाउन महिला स्वयंसेविकाहरु तथा ग्रामिण स्वाथ्य कार्यकर्ताहरुको परिचालनमा प्रभावकारिता अभिवृद्धि गरिने छ। युवा युवतीहरुको लागि यौन तथा एच.आइ.भि. एड्स शिक्षा, सरुवा रोगहरुको नियन्त्रणका लागि प्रचारप्रसार लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ। आधारभूत स्वास्थ्य सेवाबाट बञ्चित हुन पुगेका नागरिकहरुको अवस्थालाई मध्यनजर गर्दै सेवा प्राप्त हुन नसकेको क्षेत्रमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराईनेछ।

२२. बाढी पश्चातको पुननिर्माण र नवनिर्माण प्रक्रियामा प्रभावकारी सहभागिता एवं सहकार्य गरी पुन निर्माण प्रक्रियालाई तिब्रता दिईनेछ।

२३. आजको युग सूचना र सञ्चारको युग हो। सूचना प्रविधिको विकास विना समृद्धिको परिकल्पना गर्न सकिंदैन। सञ्चार क्षेत्रकोविकासका लागि प्रत्येक वडामा ईन्टरनेट सेवा विस्तार गर्नुका साथै नेपाल टेलिकम तथा अन्य सञ्चार सम्बद्ध संस्थाहरुसँग आवश्यक

Scanned by CamScanner

सहकार्य गरी यस क्षेत्रको सञ्चार सेवाको गुणस्तरमा सुधार गरिने छ । यस गाउँपालिकालाई वाई फाई फ्री गाउँपालिकाको रुपमा स्थापित गरिनेछ ।

२४. यस क्षेत्रमा रहेका दलित, अल्पसंख्यक, अपांग, महिला लगायत लक्षित वर्गका लागि सशक्तिकरण गर्ने खालका कार्यक्रमहरु ल्याइनेछ । लैगिक विभेदमार्फत महिलाको स्थान समाजमा पुरुषभन्दा न्युन छ, उनीहरुलाई समाजको मुल धारमा ल्याउने, घरको निर्णय प्रक्रियामा महत्वपुर्ण भुमिका खेल्ने, आफुले संविधान तथा कानुनबमोजिम पाउने हक अधिकारबारे जानकारी गराउने लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ । अवको विकास अपांगमैत्री, वालमैत्री, महिलामैत्री वनाउनेतर्फ नीति अङ्गिकार गरिनेछ । अपांगता भएका बालवालिकाको लागि विद्यालयमा छात्रवृत्ति दिने, अपांगहरुलाई सरकारले दिने गरेको सामाजिक सुरक्षावापतको रकम पाएनपाएको सम्बन्धमा खोजी गरी नपाएको खण्डमा पाउने व्यवस्था गरिनेछ । दलित समुदायलाई गरिँदै आएको सामाजिक विभेदको अन्त्य गर्ने खालका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ साथै आदिवासी जनजाति, लोपोन्मुख समुदाय तथा अल्पसंख्यकहरुलाई समेत विकासको मुलधारमा ल्याउन पहल गरिनेछ ।

२५. मानव अधिकारको सम्मान एवं सम्बर्द्धन गर्दै मानव अधिकारको प्रत्याभुति गरिनेछ ।

Scanned by CamScanner

उपस्थित सम्पुर्ण महानुभावहरु,
अव म यस बटेश्वर गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

बटेश्वर गाँउपालिकाले प्रस्तावित वजेट तथा कार्यक्रम तर्जुमा गर्दा मुलत: नेपालको संविधान २०७२ को अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकार सुची, आर्थिक अधिकार र आर्थिक कार्य प्रणाली, मौलिक हकहरु, आर्थिक सामाजिक विकास, साधन श्रोतको उपयोग नीति, अर्थ मन्त्रालयल र संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयबाट प्राप्त मार्गदर्शन, सहभागितामूलक योजना छनौट पद्धति, विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजकि संरक्षण, दीगो विकास, जलवायु परिवर्तन, विपद व्यवस्थापन, लैगिंक सशक्तिकरण तथा समावेशी विकास समेतलाई आधार मानी गाउँकार्यपालिकाबाट स्वीकृत गरी यो गरिमामय गाउँसभामा आगामी आ.व. ०७४।७५ को बजेट प्रस्तुत गरेको छु ।

आ.व.२०७४।७५ मा यस गाउँपालिकामा वित्तीय समानीकरण तर्फ रकम रु. १२,५४१५,०००।- (बाह्र करोड चौवन लाख पन्ध्र हजार) र शसर्त अनुदान तर्फ रकम रु.४,६०,९९,०००।- (चार करोड साठी लाख उनान्सय हजार) गरी नेपाल सरकारबाट जम्मा रकम रु.१७,१५,१४,०००।- (सत्र करोड पन्ध्र लाख चौध हजार विनियोजित भएको छ ।

आगामि आर्थिक वर्षमा आन्तरिक राजस्व रकम रु. २५,००,०००।- (पच्चीस लाख) संकलन गर्ने लक्ष्य लिईएको छ । गाउँपालिकाको सञ्चित कोषमा रहेको गतवर्षको मौज्दात रकम रु. १,४४,१२,७३७.७२।-(एक करोड चौआलिस लाख बाह्र हजार सात सय सैतिस रुपैया

Scanned by CamScanner

बहत्तर पैसा ) र वडा नं., ५ शान्तिपुर मा रहेको गत वर्षको मौज्दात ३,९१,००० ( तीन लाख एकान्नबे हजार ) समेत गरी यस आ.व.को कुल बजेट रकम **रु. १८,८८,१७,७३७.७२। (अठार करोड अठासी लाख सत्र हजार सात सय सैतिस रुपैया बहतर पैसा )** प्रस्ताव गरेको छु ।

कुल बजेट मध्ये गाउँ कार्यपालिकाको चालु खर्च रु. २,३४,००,०००।- (दूई करोड चौतिस लाख ) तथा पुँजिगत खर्च ११,९३,१८,७३७.७२।- (एघार करोड त्रियान्बे लाख अठार हजार सात सय सैतिस रुपैया बहत्तर पैसा) गरी जम्मा रकम रु.१४२७१८७३७.७२।-(चौध करोड सताईस लाख अठार हजार सात सय सैतिस रुपैया बहतर पैसा) विनियोजन गरिएको छ ।

शशर्त अनुदान तर्फको रकम रु.४,६०,९९,०००।- (चार करोड साठी लाख उनान्सय हजार) विषयगत निकायबाट प्राप्त कार्यक्रमको आधारमा विनियोजन गरिएको छ भने गाउँपालिकामा प्राप्त हुन सक्ने अन्य विभिन्न विषयगत निकाय तथा साझेदारहरुबाट प्राप्त बजेट पनि प्राप्त कार्यक्रमकै आधारमा खर्च गर्ने व्यवस्था मिलाइनेछ ।

कुल पुँजिगत रकम रु. ११,९३,१८,७३७.७२।- (एघार करोड त्रियान्बे लाख अठार हजार सात सय सैतिस रुपैया बहतर पैसा) मध्ये विषयगत क्षेत्रहरुमा निम्नानुसार विनियोजन गरिएको छ ।

**आर्थिक विकास** (कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र आदि) तर्फ रकम रु.७०,००,०००।- (सत्तरी लाख) विनियोजन गरिएको छ ।

**सामाजिक विकास** (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रबर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, खेलकुद तथा मनोरञ्जन आदि) तर्फ रकम रु. १,१५,००,०००।-(एर्क करोड पन्ध्र लाख ) विनियोजन गरिएको छ ।

**पूर्वाधार विकास** (सडक तथा पुल, सिंचाई, भवन तथा सहरी विकास, उर्जा, , वैकलपिक उर्जा, संचार आदि) तर्फ रकम रु. ८,५३,१८,७३७.७२।- (आठ करोड त्रिपन्न लाख अठार हजार सात सय सैतिस रुपैया बहत्तर पैसा) विनियोजन गरिएको छ ।

**वातावरण तथा विपद व्यवस्थापन** (बन तथा भु-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, ल्यान्डफिल साइड, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन)तर्फ रकम रु. ७०,००,०००।- (सत्तर लाख पचहत्तर ) विनियोजन गरिएको छ ।

Scanned by CamScanner

**संस्थागत विकास तथा सेवा प्रवाह** (सामान्य सेवा, सुरक्षा व्यवस्थापन, सूचना प्रविधि, पञ्जिकरण व्यवस्थापन, स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन, सुशासन प्रवर्द्धन, अनुसन्धान तथा विकास, अन्यत्र वर्गीकरण नभएका) तर्फ रकम रु. ५०,००,०००।- (पचास लाख ) विनियोजन गरिएको छ ।

अन्त्यमा यस बजेट तर्जुमामा सहयोग गर्नुहुने सम्पुर्ण पदाधिकारीहरु, वडा समितिहरु, राजस्व र बजेट सम्वन्धी कानून बमोजिम गठित विभिन्न समितिहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कमचारी मित्रहरु, यस क्षेत्रकाका बुद्धिजिवी तथा राजनैतिक दलका मित्रहरु एव  प्रत्यक्ष अप्रत्यक्ष रुपमा भूमिका खेल्नुभएका बटेश्वर गाउँपालिकाका सम्पूर्ण जनसमुदायलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

Scanned by CamScanner